८८

राष्ट्रिय सूचना आयोगको

आदेश

मु.नं. ५८/२०७१/०७२

राष्ट्रिय सूचना आयोग
२०६५

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल ........................................................१ निवेदक

विरूद्ध

प्रमुख जिल्ला अधिकारी (कार्यालय प्रमुख), जिल्ला प्रशासन कार्यालय, अछाम ........................१ विपक्षी

सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, अछाम ........................................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रितालले जिल्ला प्रशासन कार्यालय, अछाम समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।१९ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०१ को आदेश बमोजिम जिल्ला प्रशासन कार्यालय, मंगलसेन, अछामको मिति २०७१।०९।२०, च.नं.६४१, प.सं.०७१/७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना पाना ३ निवेदकलाई उपलब्ध गराई सो को एक प्रति यस आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २३ गते रोज ६ शुभम् ।